# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः २३/०८०/०८१

मितिः २०८१/०२/२९

नेसं. ११४४ तछलाथ्व,पञ्चमी

अध्यक्षताः नगर प्रमुख श्री खड्गमाया पराजुली

## उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उपप्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव,प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

मिति २०८१ साल ज्येष्ठ २९ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. जग्गाको सिफारिस तथा नक्सापासका सम्बन्धमा ।

यस विषयमा छलफल गर्दा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत प्रत्यर्थी भएको ००७८-wc-०००४ को उत्प्रेषण समेतको फैसलाको पूर्णपाठको अदालतको ठहर आदेश खण्डको बुँदा नं ३० को (ग) मा उल्लेख भएको नेपाल सरकारको वि.सं. २०६० सालको निर्णय बमोजिम गिरिबन्धु टि स्टेटको नामबाट हस्तान्तरण गरिएको ५१ विगाहा जग्गाको भोगचलन सम्बन्धि विषयका सम्बन्धमा स्थानीय सञ्चार माध्यम हरुमा समाचारहरु प्रकाशन भई सो सम्बन्धमा कार्यालयको ध्यानकर्षण भएको। उक्त मुद्दामा यस कार्यालय समेतलाई विपक्षी नबनाएको र कार्यालयको नाममा कुनै आदेश समेत भएको नदेखिएको, फैसलाको आधिकारिक प्रति यस कार्यालयमा हालसम्म प्राप्त नभएको र सो सम्बन्धमा नेपाल सरकारका कुनै निकायबाट हालसम्म कुनै पनि परिपत्र प्राप्त नभएको, यद्यपि माथि उल्लेखित विषयका सम्बन्धमा नेपाल सरकारको आधिकारिक राय माग गर्नु आवश्यक देखिएकाले सो सम्बन्धमा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट राय माग गर्ने निर्णय गरियो ।साथै, उक्त विषयमा हालसम्म तालुक निकायहरुबाट कुनै पनि आधिकारिक पत्र/ परिपत्र तथा जानकारी प्राप्त नभएको हुनाले सम्मानित अदालत एवं नेपाल सरकारबाट आदेश निर्देशन एवं राय प्राप्त भएपश्चात सोही बमोजिम हुने गरी हाललाई नगरपालिकाले साविक बमोजिम गर्दै आएको सिफारिस तथा घरनक्सा सम्बन्धि प्रक्रियामा रहेका कार्यहरुलाई निरन्तरता दिने निर्णय गरियो ।

२. विपद् संवेदनशिल क्षेत्रको नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा ।

यस विषयमा छलफल गर्दा यस अर्जुनधारा नगरपालिकाको वडा नं १, वडा नं २ र वडा नं ५ मा पर्ने टाङटिङ तथा बिरिङ्ग खोलाको विभिन्न भागमा बस्तीको सतह भन्दा नदीमा रहेको नदीजन्य पदार्थको थुप्रो बढ्न गई बाढी आउँदा बाढी बस्ती तर्फ पस्ने सक्ने भनी उक्त नदीजन्य पदार्थको व्यवस्थापन गरिदिन भनी वडा कार्यालयहरुबाट सिफारिस भई आएको ।यस वर्ष अन्य समय भन्दा वर्षातको समयमा बाढीको जोखिम धेरै रहेकाले आवश्यक पूर्व सतर्कताका लागि विभिन्न निकायहरुबाट सूचना प्रशारण प्रकाशन समेत भएको अवस्थामा त्यस्ता विपद् संवेदनशिल स्थानहरुको तत्काल व्यवस्थापन गर्नु आवश्यक रहेको हुँदा वडा कार्यालयहरुबाट सिफारिस भई आएका क्षेत्रहरुमा रहेका नदीजन्य पदार्थको व्यवस्थापनका लागि आवश्यक पर्ने मेसिनरी औजार तथा सवारी साधन नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट व्यवस्थापन गर्ने गरी सम्बन्धित वडा समितिसँगको समन्वयमा व्यवस्थापन गर्ने निर्णय गरियो ।